# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७६/०७७
च.नं.: ३०६८

मिति:-२०७७/०२/१५

**बिषय:- प्रेश बिज्ञप्ति ।**

गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालय,पोखरा र स्वास्थ्य कार्यालय, नवलपरासी(ब.सु.पू.) को मिति २०७७/०२/१५को कोभिड १९ को सम्बन्धमा जारी प्रेश बिज्ञप्ति अनुसार देवचुली नगरपालिका वडा नम्बर १ बस्ने बर्ष १९ का पुरुषमा कोरोना संक्रमण पुष्टि भई सकेको छ । निज संक्रमित पुरुषको मिति २०७७/०२/१३ गते पि.सि.आर. जाँचको लागि स्वाब संकलन गरि भरतपुर कोरोना बिशेष अस्पतालको प्रयोगशालामा पठाइएकोमा उक्त प्रयोगशालाबाट मिति २०७७ /०२/१५ गते बिहान प्राप्त परिक्षणको नतिजा अनुसार यस देवचुली नगरपालिका वडा नं.-१ निबासी बर्ष १९ का एक जना पुरुषमा कोरोना संक्रमण पुष्टी भएको र निज यस नगरपालिकाले संचालन गरेको श्री जनज्योति नमुना मा.बि.,देवचुली-१४ को क्वारेन्टाइनमा मिति २०७७ /०२/१० गतेदेखि बसेको र निजलाई मिति २०७७ /०२/१५ गते बिहान ६ बजे भरतपुर कोरोना बिशेष अस्पतालको आइसोलेसनमा भर्ना गरिएको छ । निजको स्वास्थ्य अवस्था सामान्य रहेको छ, निज मिति २०७७ /०२/०८ गते भारतको हरिद्वारबाट कैलालीको गौरीफन्टा नाका हुदै २०७७ /०२/०९ गते नेपालको धनगढी हुदै ना.४ ख ६१५८ नम्बरको बसमा मिति २०७७ /०२/१० गते बिहान ११.३० बजे सिधै नगरपालिकाको क्वारेन्टाइनमा आई पुगेको र क्वारेन्टाइनबाट निज कहिँ कोहि संग सम्पर्कमा नआएको र उक्त क्वारेन्टाइन मा बसेका २८ जनामा ४ जनाको मिति २०७७/०२/१३ गते स्वाब (पि.सि.आर) जाँच भएको ३ जनाको परिक्षण रिपोर्ट आएकोमा १ जनामा संक्रमण भएको २ जनामा संक्रमण नभएको,२०७७/०२/१४ गते १ जनाको स्वाब (पि.सि.आर) जाँच भएको रिपोर्ट आउन बाकीं रहेको र आज २५ जनाको स्वाब (पि.सि.आर) जाँचको लागि नमुना लिएर भरतपुर कोरोना अस्पतालको प्रयोगशालामा पठाइएकोले नगरपालिका आफ्नो नगरबासीको स्वास्थ्य प्रति अत्यन्त सम्वेदनशील छ । यस संकटको घडीमा संयमित भइ सरकारले जारी गरेको लकडाउनको पूर्ण पालना गरी कोभिड -१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग गर्नुहुन सम्पूर्ण नगरबासीमा अनुरोध गरिन्छ ।

...................................
क्या.डिल बहादुर खत्री
नगर प्रवक्ता